# गृहमन्त्रालयको सूचना

४८४५ फा २६ ०१३-६-१६-४

विशेष अदालत ऐन २०१३ को दफा २ को उपदफा १ र दफा ३.७ ले दिएको अधिकार प्रयोग गरी सरकारले निम्नलिखित आदेश निकालेको छ।

सरकारले ३ जना सदस्य भएको पराली विशेष अदालतको गठन गरी सो अदालतको अध्यक्षमा पाल्ही माझखण्ड मोरङबाराका, बडाहाकिम सदस्यमा पर्सा अमिनीका हाकिम र पाल्ही मालका हा. लाई मुकरर गरेको छ।

उक्त विशेष अदालतले परासी अमिनीमा ०१३ साल मार्ग १ गतेदेखि डायर भएका खून, डाँका र चोरी मुद्दा झिकी र अब पर्न आउने खून, डाँका र चोरी मुद्दा लिई हेरी कारवाई गरी किनारा लगाउने गरी तोकिएको छ।

आज्ञाले—
माणिकलाल,
कामु सेक्रेटरी—गृहमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर प्रेमराज शर्मा.

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, मुद्रण

४२८